# श्री रुपन्देही जिल्ला अदालतवाट जारी गरिएको

## सूचना

**फैसला कार्यान्वयनका सन्दर्भमा** यस अदालतवाट सेवा लिने सेवाग्राहीहरुका लागी निम्न अनुसारका विषयमा जानकारीका लागी प्रस्तुत सूचना जारी गरिएको व्यहोरा अनरोध गरिन्छ।

१. मुलुकी देवानी कार्यविधि संहिता , २०७४ को दफा २३५ वमोजिम मुद्दा फैसला गर्ने सुरु अदालतले चलन चलाई दिने, दाखेल खारेज नामसारी गरि दिने, निखनाई दिने, अंशवण्डा गरी दिने, विगो भरी पाउने समेत गरी फैसला भएकोमा **मुद्दाका पक्षहरु अदालतमा हाजिर रहेको भए फैसला भएकै दिन सोहि तारेख लिने फांटवाट यस अदालतको तहसिल फांटको लागि अनिवार्य तारेख लिनु पर्ने।**

२. मुलुकी देवानी कार्यविधि संहिता,२०७४ समेतका संहिताहरु मिति २०७५।०५।०१ वाट लागू भएको र सो पूर्व तत्कालिन मुलुकी ऐन अन्तर्गत फैसला कार्यान्वयन गर्नु पर्ने गरी भएका फैसलाहरु अन्तिम फैसला भएका मितिले ३ वर्ष भित्र फैसला कार्यान्वयनका लागि दरखास्त दिने हदम्याद यही २०७८ श्रावण मसान्त सम्म मात्र रहेकोको मा Covid-19 का कारण वन्दावन्दी खुलेको श्रावण १५ देखि १ महिना भाद्र १५ गतेसम्म कायम रहेकाले सो **२०७८ भाद्र १५ गतेको अवधि पछि** तत्कालिन **मुलुकी ऐन अन्तर्गतका फैसला कार्यान्वयनका निवेदनहरु (पुनरावेदन परी कारवाहीका अवस्थामा रहेका मुद्दाका वाहेक) दर्ता नहुने।**

३. मुलुकी देवानी कार्यविधि संहिता,२०७४ समेतका संहिताहरु लागू भएपछिका फैसला कार्यान्वयन तर्फका निवेदनहरु मुलुकी देवानी कार्यविधी संहिता,२०७४ को दफा २३६ का हदम्यादका सन्दर्भमा फैसला कार्यान्यन निर्देशनालयको मिति २०७७।१०।०५ च.नं. ८४४ को परिपत्र अनुसार " **पक्षले म्याद वा तारेख गुजारी थाम्ने म्याद नाघेको मितिले फैसला कार्यान्यनको लागि दिने अधिकतम म्याद १ (एक) वर्ष मात्र रहने**" भन्ने भएकोमा सो अवधि व्यतित भएपछि फैसला कार्यान्यनका निवेदनहरु दर्ता नहुने।

२०७८।४।२६

तहसिलदार शा.अ.